बैठक संख्या -९३

आज मिति २०८१।०१।०२ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बै
गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहर
उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | बुटी तामाङ |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: ९३ | मिति: २०८१।०१।०२

निर्णयहरू:

१. गाउँकार्यपालिकाको विगतमा भएका निर्णयहरुको समीक्षा गरियो ।

२. यस गाउँपालिकाको वडा नं. २ स्थायी ठेगाना भएका सिंग बहादुर तामाङले व्यक्तिगत स्वामित्वमा रहेको साविक ठूलोगाउँ गा.वि.स. वडा नं. ८ को कित्ता नं. ३३२ र ३३६ बाट व्यक्तिगत प्रयोजनको लागि वालुवा उत्खनन गर्न माग गरेकोमा निजलाई सार्वजनिक जग्गा र सिमानाका जग्गामा कुनै असर नगर्ने गरी प्रचलित कानुन बमोजिम संरक्षण गर्नुपर्ने प्राकृतिक स्रोतको संरक्षण गर्दै तोकिएको परिमाणको राजश्व बुझाई हाललाई ३९०० घनफिट बालुवा उत्खनन गर्न अनुमती दिने ।

३. यस गाउँपालिकाको वडा नं. ३ स्थायी ठेगाना भएका पूर्ण बहादुर गुरुङले व्यक्तिगत स्वामित्वमा रहेको साविक ठूलोगाउँ गा.वि.स. वडा नं. ६ को कित्ता नं. ३३३ बाट ढुंगा उत्खनन गर्न माग गरेकोमा निजलाई सार्वजनिक जग्गा र सिमानाका जग्गामा कुनै असर नगर्ने गरी प्रचलित कानुन बमोजिम संरक्षण गर्नुपर्ने प्राकृतिक स्रोतको संरक्षण गर्दै तोकिएको परिमाणको राजश्व बुझाई हाललाई ३५ घनमिटर (१२३६घनफिट) ढुङ्गा उत्खनन गर्न अनुमती दिने ।

४. यस आर्थिक वर्षमा संघीय सशर्त अनुदान मार्फत गाउँपालिकालाई प्राप्त वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रममार्फत सौर्यबत्ती कार्यक्रम सञ्चालन गर्ने।

५. गाउँपालिकाद्वारा सञ्चालित तपशिलका योजनाहरुको स्थलगत आवश्यकताका कारण लागत अनुमान परिवर्तन आवश्यक रहेकाले यस अघी भइसकेका लागत अनुमान परिवर्तनको अनुमोदन गर्ने तथा बाँकी योजनाहरुको लागत अनुमान परिवर्तनका लागि कार्यालयलाई स्वीकृति दिने:

क. पाँच नम्बर वडा कार्यालय जाने सडक बाटो निर्माण

ख. भलायडाँडा सिंढीबाटो निर्माण

ग. सिमलबोट तल्लो बिमिरे हुँदै सडकसम्म सिँढी बाटो तथा किरियाघर निर्माण

घ. बहुला खोला कटान संरक्षण

ङ. बनुवा पैरेवेशी सडक निर्माण

च. क्युङवागाङ रेलिङ सिँढि बाटो निर्माण

२०८१।०१।०२

...पक प्रसाद अधिकारी
...सकीय अधिकृत

## उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ९३ मितिः २०८१।०१।०२

६. हाल वडा नं. १ को मैलुङ स्थित भाडाको घरबाट वडा कार्यालय, स्वास्थ्य सेवा, कृषि सेवा तथा पशुसेवा केन्द्रहरु सञ्चालन भइरहेकोमा उक्त सेवाहरु अब उप्रान्त वडा नं १ सल्लेटारमा रहेको सामुदायिक स्वास्थ्य इकाईको भवनबाट सञ्चालन गर्ने साथै उक्त इकाई भवनको माथिल्लो तल्लाको निर्माण कार्य बाँकी रहेका कामहरु कार्यालयबाट उपयुक्त शिर्षकबाट रकम व्यवस्थापन गरी तत्काल निर्माण सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने ।

७. गाउँपालिकाको प्रवक्ता जिम्मेवारी वडा नं २ का वडाध्यक्ष टुकु प्रसाद सुवेदीलाई दिने ।

८. वडा नं ४ अन्तर्गत पहिरेबेशीमा रहेको मालिका आधारभूत विद्यालय गत शैक्षिक शत्रदेखि नै अस्थायी रुपमा पहिरेवेशी बस्तिमा सञ्चालनमा रहेकोमा विद्यालय रहेको कुवापानी क्षेत्र र सो भन्दा माथिका बालबालिकाहरु विद्यालयमा नरहेको साथै पहिरेबेशि र आसपासका विद्यार्थीहरु विद्यालयमा रहेको साथै विद्यार्थी संख्या समेत उल्लेख्य रहेकाले यस स्थानमा नै विद्यालय आवश्यक रहेकाले हाललाई विद्यालय साथै भविष्यमा बहुउपयोगीसमेत हुने गरी साविक लहरेपौवा वडा नं ५ हाल उत्तरगया ४ मा रहेको कित्ता नं ६१ मा संरचना निर्माणका लागि कार्यालयलाई निर्देशन दिने ।

९. गाउँपालिकाको मध्यमकालिन खर्च संरचना र परियोजना बैंक निर्माण कार्य शुरु गरी नियमबमोजिम कार्यलयका कर्मचारीहरुबाट गराउने । उक्त कार्यकालागि विनियोजित बजेटमार्फत सोही कार्यक्रममार्फत खर्च गर्ने।

२०८१।०१।०२

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत